# सुस्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कुडिया, नवलपरासी
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :- २०७९/०८०
च. न.:- १८३६

मिति:- २०८०/०२/१४

श्री विषयगत शाखा (सबै)
श्री वडा कार्यालय (सबै)
श्री निर्माण व्यवसायी तथा उपभोक्ता समिति (सबै)
श्री सरोकारवाला संघ संस्था (सबै)

विषयः चालु आ.व. (२०७९-०८०) को भुक्तानी र खाता बन्द हुने सम्बन्धमा ।

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३० (१) र (७) बमोजिम भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष सम्पन्न हुनु भन्दा कम्तिमा ७ (सात) दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने कानुनी प्रावधान रहेको छ । साथै आर्थिक बर्षको अन्त्यमा कामको चाप बढी हुने, अधिक प्रयोगका कारण स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (Sub-National Treasury Regulatory Application (SUTRA)) को सर्भर डाउन हुने,आषाढ मसान्त भित्रै कर दाखिला गर्नुपर्ने,संघिय सरकार तथा प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने अनुदानहरु फिर्ता गरी प्रतिवेदन पठाउनुपर्ने,कोष तथा लेखा नियन्त्रण कार्यालयमा भौचर बुझाउनुपर्ने र सबै कारोबारको हिसाब मिलान गर्नुपर्ने भएको हुदाँ यस गाउँपालिकाबाट सञ्चालित सम्पुर्ण योजना तथा कार्यक्रमहरु मिति २०८०।०३।१० गते भित्र पुर्णरुपमा सम्पन्न गरी मिति २०८०।०३।१५ गते भित्र भुक्तानी लिनुहुन अनुरोध छ । सो अवधिमा भुक्तानी नलिई निकासा बन्द भएमा कार्यालय जवाफदेही नहुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारीका लागी अनुरोध छ ।

साथै सुस्ता गाउँपालिकालाई आ व २०७९।०८० को लागी संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम कटौती भएको हुदाँ सुस्ता गाउँपालिकाबाट संचालित योजनाहरु सम्पन्न गर्न कठीनाई हुने भएकोले सम्झौता भएका र शुरु भएका योजना कार्यान्वयन गर्ने र मिति २०८०।०२।०५ गते सम्म सम्झौता नभएका योजना तथा कार्यक्रम संचालन नगर्ने भनी मिति २०८०।०१।२७ गतेको कार्यपालिकाको निर्णय भएकोले सोही बमोजिम गर्न गराउनुहुन समेत सबैमा अनुरोध छ ।

२०८०/२/१४

बुद्ध प्रकाश पौडेल
प्रमुख प्रशासकिय अधिकृत

सादर अवगतार्थ

- श्री अर्थ मन्त्रालय,सिंहदरबार काठमाडौ ।
- श्री लुम्बिनी प्रदेश सरकार,आर्थिक मन्त्रालय,राप्ती उपत्यका(देउखुरी) नेपाल
- श्री कोष तथा लेखा नियन्त्रकको कार्यालय नवलपरासी(ब सु प)
- श्री गाउँपालिका अध्यक्ष,उपाध्यक्ष ज्यू
- श्री वडा अध्यक्ष,कार्यपालिका सदस्य ज्यू (सबै)